# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७ ] काठमाडौं वैशाख २४ गते २०१४ साल [ संख्या ४

### गृहमन्त्रालयको सूचना

न्या. फु. ८८ २३-१-०१४

सरकारले नेपाल निजामती सेवा ऐन २०१३ अन्तर्गत बनाएको तल लेखिएबमोजिमको नियम सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

नेपाल न्याय सेवा ( गठन ) नियमहरू २०१३ (यसपछि मूल नियम भनिएको) मा संशोधन गर्न आवश्यक देखिएकोले सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम:–यो नियमहरूको नाम –"नेपाल न्याय सेवा (गठन) संशोधन नियम २०१४" रहेको छ।

२. <u>मूल नियम १० मा संशोधन:</u>— मूल नियम १० खारेज गरी त्यसको सट्टा देहायको नियम १० राखिएको छ।

१० उम्मेदवारहरूको योग्यता जाँच्नको लागि समितिले लिखित परीक्षा लिनेछ। हरेक उम्मेदवारलाई निर्मासह र प्रश्नहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिइनेछ । र मिउले प्रश्नको उत्तर दिन र (क) फिरादपत्रको र प्रतिउत्तरपत्रको मजबुन र (ख) मुद्दाका मुख्य ठहराउनुपर्ने कुरा र त्यसमा लाग्ने कानून समेत देखाई प्रमाणसमेतको विचार गरी फैसला लेख्नुपर्नेछ । उम्मेदवारहरूले कानूनको पुस्तकहरू हेर्न पाउनेछन् । समितिले उम्मेदवारहरूले लेखेको फैसला र उत्तर जाँच जम्मा २०० नम्बरसम्म दिनेछ ।

सरकारको आदेशबमोजिम,
माणिकलाल,
का.मु. सेक्रेटरी—गृहमन्त्रालय,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४